आ.व. २०७५/०७६ को चौधौं बैठक

आज मिति **२०७५ साल माघ ०७ गते सोमवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री खिमलाल वली लेखा अधिकृत

२. श्री राजेन्द्र कुमार घिमिरे शिक्षा संयोजक

३. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

४. श्री तिर्थराज ज्ञवाली सञ्चार संयोजक

**प्रस्तावहरु :**

१. तुलसीपुर उप-महानगरपालिकाको च.नं.२६३६ मिति २०७५/०९/२९ को पत्रानुसार खेलकुद प्रतियोगितामा खेलाडीहरुको सहभागिता सम्वन्धमा ।

२. जिल्ला प्रशासन कार्यालय दाङको च.नं.२७९१ मिति २०७५/१०/०२ को पत्रानुसार छाउपडी लगायतका कुप्रथाहरुको अन्त्यका लागि जनचेतना कार्यक्रम सञ्चालन सम्वन्धमा ।

३. शिक्षक दरबन्दी मिलान सम्वन्धमा ।

४. जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय दाङको च.नं.२१५ र २१८ मिति २०७५/०९/२६ अनुसार ठेक्का नं.DRTW-D-04 र 05-073/074 को लागि आवश्य अनुमानित ५,०००।- घनमिटर ९ ढुंगा उपलव्ध गराउने सम्वन्धमा ।

५. वडा नं. ३ र ४ को योजना परिवर्तन सम्वन्धमा ।

६. परिक्षा सञ्चालन कोष स्थापना सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा तुलसीपुर उप-महानगरपालिकाको च.नं.२६३६ मिति २०७५/०९/२९ को पत्रानुसार मिति २०७५ साल माघ १० गते देखि सञ्चालन हुने पालिकास्तरिय मेयर कप पुरुष तथा महिला भलीवल प्रतियोगितामा यस गाउँपालिकाबाट १ जना व्यवस्थापक, १ जना टिम कोच र ९ जना खेलाडी समेत जम्मा ११ जनालाई उक्त खेलमा भाग लिनको लागि पठाउने र टिम दर्ता, आतेजाते भाडा, बास तथा खाना र खेलाडीको लागि आवश्यक जर्सीको खर्च चालु कार्यक्रमको खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा जिल्ला प्रशासन कार्यालय दाङको च.नं.२७९१ मिति २०७५/१०/०२ को पत्रानुसार छाउपडी लगायतका कुप्रथाहरुको अन्त्यका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्नको लागि लेखि आएको हुँदा यस गाउँपालिका भित्र बाल विवाह, बहु विवाह, लागु पदार्थ दुर्व्यसनी, छुवाछुत जस्ता कुप्रथाहरुको अन्त्यका लागि विभिन्न जनचेतामुलक कार्यक्रम सञ्चलान गर्ने र सो को लागि आवश्यक बजेत चालु कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा राप्ती गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरबन्दी गाउँ शिक्षा समितिले निर्धारण गरेको देहायको मापदण्डको आधारमा मिलान गर्ने निर्णय गरियो ।

***दरबन्दी मिलानका आधारहरु :-***

१. गाउँपालिकाको प्राप्त अनुदानबाट पारिश्रमिक बुझ्ने गरी नियुक्त भएका शिक्षहरुलाई पहिलो प्राथमिकतामा राखी दरबन्दी मिलान गर्ने ।

२. राहत शिक्षकहरुलाई दोस्रो प्राथमिकतामा राखी दरबन्दी मिलान गर्ने ।

३. अस्थायी शिक्षकहरुलाई तेस्रो प्राथमिकतामा राखी दरबन्दी मिलान गर्ने ।

४. स्थायी शिक्षकहरुलाई चौथो प्राथमिकतामा राखी दरबन्दी मिलान गर्ने ।

***पुनश्च : उपरोक्त आधारमा पनि नियुक्तिमा जो कनिष्ठ छ सो अनुसार दरबन्दी मिलान गर्ने ।***

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय दाङको च.नं. २१५ र २१८ मिति २०७५/०९/२६ को पत्रानुसार ठेक्का नं. DRT-D04 र 05-073/074 को लागि आवश्य पर्ने ५ हजार (पाँच हजार) घनमिटर ढुंगा नियमानुसार शुल्क लिई स्रोत व्यवस्थापन गराई सहयोग गरिदिनहुन भनी लेखि आएको सन्दर्भमा EIA नभएको स्थानबाट ढुंगा उपलब्ध गराउन नसकिने र EIA भएको स्थानमा हाल ठेक्का लागि सकेकोहुँदा ठेक्का लागेको स्थानबाट आवश्यक परिमाणको ढुंगा खरिद गरी स्रोत व्यवस्थापन गर्नको लागि लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका वडा नं.३ र ४ का चालु आ.व. ०७५/०७६ मा स्वीकृत भएका देहायका योजनाहरुलाई आवश्यकता र सम्वन्धित वडाको निर्णय अनुसार परिवर्तन गर्ने निर्णय गरियो ।

| क्र.सं. | चालु आ.व.मा स्वीकृत योजना | वडा नं | विनियोजित बजेट | परिवर्त भई हाल कायम भएको योजना |
|---|---|---|---|---|
| १ | वि.पि.आ.वि.बसन्तापुर फर्निचर व्यवस्थापन | ३ | १,५०,०००।- | वि.पि.आ.वि.बसन्तापुर पक्की वाल निर्माण |
| २ | जनज्योति नि.मा.वि. २ कोठे भवन निर्माण | ४ | १०,००,०००।- | जनज्योति नि.मा.वि.को उत्तरतर्फ ढेव्री खोला तटवन्धन तथा कल्भर्ट निर्माण |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाद्वारा सञ्चालन गरिने विभिन्न परिक्षाहरुको लागि परिक्षा **सञ्चालन कोष** स्थापना गर्ने निर्णय गरियो ।